# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बैठक संख्या:** २२/०७९/०८०　　　　　　　　　　**मिति:**२०८०/०१/२८

**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**उपस्थिति:**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिता राम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**बैठक संख्या २२/०७९/०८० अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०१/२८**

मिति २०८० साल बैसाख २८ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. **समिक्षा सम्बन्धमा ।**

मिति २०८०/०१/१४ गते बसेको अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।निर्णयहरुको कार्यान्वयनको स्थितिका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट बैठकमा जानकारी भयो ।

२. **स्थानीय सेवाका कर्मचारीको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० सम्बन्धमा ।**

कोशी प्रदेश सरकारबाट मिति २०८० साल बैसाख १४ गते जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० मा व्यवस्था भएको स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक भएकाले अध्यादेशको दफा १५४ ले दिएको अधिकार प्रयोग गरी तर्जुमा गरिएको स्थानीय सेवाको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० को मस्यौदा स्वीकृत गरी अध्यादेशको दफा १५६ को उपदफा (२) बमोजिम राय, परामर्शका लागि प्रदेश लोक सेवा आयोग, विराटनगरमा पठाउने निर्णय गरियो ।

३. **नियन्त्रण विन्दू स्थापना सम्बन्धमा ।**

यस नगरपालिकामा रहेका अव्यवस्थित बसोवासीको संकलित निवेदन बमोजिम जग्गा नाँपजाँच सम्बन्धि कार्यका लागि जग्गाहरुको नियन्त्रण विन्दू (Control Point) स्थापना गर्नु आवश्यक भएकोमा यसरी नियन्त्रण विन्दू स्थापनाका लागि अन्य स्थानीय तहहरुको अभ्यास समेतका आधारमा DGPS (Differential Global Positioning System) का माध्यमबाट नियन्त्रण विन्दू स्थापना गर्नु प्रभावकारी हुने देखिएकाले साविक खुदुनाबारी गा.वि.स. (हाल वडा नं १, २ र ३) का क्षेत्रहरुमा उक्त कार्यका लागि आवश्यक परामर्श सेवा लिने निर्णय गरियो ।

४. **विपन्न दलित आदिवासी जनजाति र सिमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०७९/०८० मा विपन्न दलित आदिवासी जनजाति र सिमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेटबाट उक्त कार्यक्रम सञ्चालन कार्यविधि बमोजिम वडा नं ३ मा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

५. **रकमान्तर सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं ८ मा रहेको शनिश्चरे माध्यमिक विद्यालयमा प्रदेश सरकारबाट नमुना माध्यमिक विद्यालय विकास कार्यक्रम सञ्चालनका लागि रु ४२,५०,०००/- रकम विनियोजन भई नगरपालिकाबाट २५ प्रतिशत साझेदारी गर्नुपर्ने भएको हुँदा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट अन्तर्गत स्थानीय पाठ्यक्रम निर्माण शीर्षकमा विनियोजित रकम मध्येबाट आगामी नगर सभाबाट अनुमोदन हुने गरी रु १४,२०,०००/- रकमान्तर गरी नमुना माध्यमिक विद्यालय विकास कार्यक्रममा साझेदारी गर्ने निर्णय गरियो ।

## ६. नगर प्रमुखज्यूको भ्रमण सम्बन्धमा ।

नगर प्रमुखज्यू मिति २०८०/०१/२० बाट २०८०/०१/२७ गतेसम्म नगरपालिकाको विकास आयोजनाहरुका सम्बन्धमा संघीय राजधानी काठमाडौंमा गई विभिन्न विषयगत मन्त्रालय तथा विभागहरुमा छलफल गर्नु भई विभिन्न आयोजनाहरुका लागि श्रोत सुनिश्चितता गरिएको, अव्यवस्थित बसोवासीको धनिपुर्जा वितरणका सम्बन्धमा भई रहेको कठिनाईका सम्बन्धमा प्रतिनिधि सभाका माननीय सांसदहरुसँग छलफल गरी प्रतिनिधि सभामा समेत विषय प्रवेश भएको व्यहोरा बैठकमा जानकारी सहित भ्रमण अनुमोदन गरियो । ।साथै, नगर प्रमुखज्यूबाट उक्त श्रोत सुनिश्चित भएका आयोजनाहरु चालु आर्थिक वर्ष भित्रै सम्पन्न हुनुपर्ने भएकाले सबै जनप्रतिनिधिहरुबाट समयमै सम्पन्न गर्नका लागि निर्माण व्यसायी, स्थानीय उपभोक्ताहरुसँग आवश्यक समन्वय गर्न समेत निर्देशन भयो ।

## ७. नापी भएका फायल पठाउने सम्बन्धमा ।

राष्ट्रिय भूमी आयोगद्वारा तोकिएको समयावधि भित्र निर्धारित ढाँचामा फारम पेश गर्ने अव्यस्थित बसोवासीहरुलाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१) को बुँदा नं (क) बमोजिम यस अर्जुनधारा नगरपालिकाको वडा नं ११ का नाँपजाँच सकिएका ११ थान लाभग्राहीको फाराम बमोजिम जग्गा उपलब्ध गराउने आवश्यक प्रक्रियाका लागि सम्बन्धित वडा समितिको निर्णय सहित कार्यपालिका समक्ष सिफारिसका भई आएकाले वडा समितिको बैठकबाट निर्णय सहित प्राप्त अव्यवस्थित बसोवासीहरुको विवरण अनुमोदन गरी राष्ट्रिय भूमी आयोगको जिल्ला समिति झापालाई सिफारिस सहित गरी पठाउने निर्णय गरियो ।

## ८. रकम विनियोजन सम्बन्धमा ।

यस नगरपालिकाका विभिन्न विकास आयोजना, कार्यक्रम तथा व्यक्तिहरुबाट प्राप्त निवेदन बमोजिम देहाय बमोजिमका आयोजना/कार्यक्रम/शीर्षकका देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजना/कार्यक्रम/शीर्षक | रकम(रु) | कैफियत |
|---|---|---|---|
| १ | सशस्त्र प्रहरी बल नेपालको शनिश्चरे बजार स्थित निर्माणाधिन अधुरो भवन पुरा गर्नका लागि कनकाई नगरपालिका र बिर्तामोड नगरपालिका सँग साझेदारी | ५ लाख | प्रस्तावनामा आधारित |
| २ | वडा नं २ को रातेमा ट्युबवेल जडान | ५० हजार | प्रस्तावनामा आधारित |
| ३ | सशस्त्र प्रहरी बल बेस क्याम्प कप्तानबारी कुर्सी खरिद सहयोग | १लाख ६० हजार | प्रस्तावनमा आधारित |
| ४ | रोहबहादुर चेम्जोङ्ग, वडा नं ४ काजकिरिया खर्च सहयोग | २५ हजार | सामाजिक सेवा अनुदान |
| ५ | कालिस्थान चौक आरसिसि नाला निर्माण, वडा नं १० | ४ लाख | प्रस्तावनामा आधारित |
| ६ | हिलेखोला तटबन्धन निर्माण, वडा नं १० | ८ लाख | प्रस्तावनामा आधारित |
| ७ | कालिझोडामा नाला निर्माण, वडा नं १० | ६ लाख | प्रस्तावनामा आधारित |
| ६ | टीका भट्टराई नेपाल गीत रेकर्डिङ्ग सहयोग | १५ हजार | सामाजिक सेवा अनुदान |

## ९. विविधः

(१) चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं ३ खुदुनाबारी आइतबारे बजारमा शौचालय निर्माण तथा बजारको डिपिआर निर्माणका लागि विनियोजित बजेट अनुसार कार्यक्रम बहुवर्षीय कार्यक्रम सञ्चालनका गर्न आगामी आर्थिक वर्षको लागि श्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

(२) अर्जुनधारा नगरपालिका वडा नं ९ मा रहेको शनिश्चरे अस्पतालको सेवा सञ्चालनका लागि आवश्यक रहेको निम्न बमोजिमको सामाग्रीहरु प्रदेश सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा नीति तथा योजना आयोगसमक्ष अनुदान माग गर्ने निर्णय गरियोः

a. Major OT with HuAc
b. CLEA
c. Hematolory Machine
d. Biochemistry Alayzre (Fully Automatic)
e. Pulmonary Function Test

(३) अर्जुनधारा नगरपालिका वडा नं ५ बस्ने श्री अनिल भट्टराई दुर्घटनामा परी हेड इन्ज्युरी भई जटिल अवस्थामा हाल बिएण्डसि अस्पतालमा उपचाररत रहनु भएकोमा निजको उपचार निरन्तर भेन्टिलेटर तथा आइसियुमा राखी भईरहेकोमा निजको आर्थिक अवस्थाका कारण उपचारमा सहयोगका लागि प्रदेश सरकारसँग सिफारिस गर्ने निर्णय गरियो ।

(४) अर्जुनधारा नगरपालिका वडा नं १० र ११ को विद्युत विस्तार योजनाको भुक्तानी हुन बाँकी रकम रु ५,८१,४४१/- नगरपालिकाको प्रस्तावनामा आधारित कार्यक्रम शीर्षकबाट खर्चको भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

(५) चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रमहरु मध्ये केही वडास्तरीय आयोजनाहरु सम्झौता हुन बाँकी रहेको र सम्झौता गर्ने म्याद थप गर्नका लागि अनुरोध भई आएको हुँदा सम्झौता गर्ने म्याद मिति २०८०/०२/१० गतेसम्मका लागि थप गर्ने निर्णय गरियो ।